# बेनीघाट रोराङ गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड – ९** **संख्या – ५** **मितिः २०८२ मंसिर २५**

**भाग – २**

आयआर्जन सुधारको लागि पशु विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८२

**बेनीघाट रोराङ गाउँपालिका**
**विशालटार, धादिङ**
**बागमती प्रदेश**

**बेनीघाट रोराङ गाउँपालिका**

**स्थानीय राजपत्र**

**खण्ड – ९** **संख्या – ५** **मितिः २०८२ मंसिर २५**

# आयआर्जन सुधारको लागि पशु विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८२

**प्रस्तावनाः** बेनीघाट रोराङ गाउँपालिकाको कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि स्थानीय तहमा संघ तथा प्रदेश सरकारबाट वित्तिय हस्तान्तरण मार्फत हस्तान्तरित (सर्सत, समपुरक र विषेश अनुदान) कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी तथा प्रतिफलमा आधारित बनाउन वान्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बेनीघाट रोराङ गाउँपालिकाबाट आयआर्जन सुधारको लागि पशु विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "आयआर्जन सुधारको लागि पशु विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**१.२ परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) कार्यविधि भन्नाले आयआर्जन सुधारको लागि पशु विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बुझ्नु पर्छ ।

(ख) कार्यक्रम भन्नाले आयआर्जन सुधारको लागि पशु विकास कार्यक्रम बुझ्नु पर्छ ।

(ग) कार्ययोजना भन्नाले दुध र मासु उत्पादन बढाउन व्यवसायिक रुपमा पशु पालन गर्न तयार गरिएको कार्ययोजना बुझ्नु पर्छ ।

(घ) कार्यालय भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको कार्यालय बुझ्नु पर्छ ।

(ङ) उपशाखा भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको पशु सेवा उपशाखा बुझ्नु पर्छ ।

(च) प्रदेश भन्नाले बागमती प्रदेश बुझ्नु पर्छ ।

(छ) जिल्ला भन्नाले धादिङ जिल्ला बुझ्नु पर्छ ।

(ज) स्थानीय तह भन्नाले धादिङ जिल्लाको बेनीघाट रोराङ गाउँपालिका बुझ्नु पर्छ ।

(झ) संघीय मन्त्रालय भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार बुझ्नु पर्छ ।

(ञ) प्रदेश मन्त्रालय भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडा बुझ्नु पर्छ ।

(ट) वडा कार्यालय भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको सबै वडाहरु बुझ्नु पर्छ ।

(ठ) आवेदक भन्नाले कार्यक्रम सञ्चालनको लागि आवेदन दिएका इच्छुक कृषक/कृषक समूह/सहकारी/निजी क्षेत्र बुझ्नु पर्छ ।

(ड) साझेदार भन्नाले कार्यक्रम सञ्चालन गर्न छनौट भएका इच्छुक कृषक/कृषक समूह/सहकारी/निजी क्षेत्र बुझ्नु पर्छ ।

(ढ) इच्छुक कृषक भन्नाले यस स्थानीय तह भित्र पशुपालन गर्ने कृषक बुझ्नु पर्छ ।

(ण) निजी क्षेत्र भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका कृषि तथा पशुपन्छी फार्म बुझ्नु पर्छ ।

(त) कृषक समूह भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका कृषक समूह बुझ्नु पर्छ ।

(थ) सहकारी भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका कृषि क्षेत्रमा काम गर्ने सहकारी बुझ्नु पर्छ ।

(द) लाभग्राही भन्नाले कार्यक्रम सञ्चालन गर्न छनौट भएका इच्छुक कृषक/कृषक समूह/सहकारी/निजी क्षेत्र बुझ्नु पर्छ ।

**१.३ उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) यस गाउँपालिकालाई पशुजन्य पदार्थमा आत्मनिर्भर बनाउने,

(ख) निर्वाहमुखी पशु पालनलाई व्यवसायिक बनाउने,

(ग) स्थानीय पशुको जातलाई संरक्षण गर्ने,

(घ) दुध र मासुको उपभोगले विपन्न, सिमान्तकृत एवम् कुपोषण ग्रस्त समुदायमा खाद्य सुरक्षा सुनिश्चित गरी भोकमरी र कुपोषण अन्त्य गर्ने,

(ङ) व्यवसायिक पशु पालनले आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्ने ।

## परिच्छेद-२

## समिति सम्बन्धी व्यवस्था

२.१ आयआर्जन सुधारको लागि पशु विकास कार्यक्रम सञ्चालन गर्न तथा कार्यक्रमलाई प्रभावकारी, पारदर्शी, व्यवस्थित तथा प्रतिफलमा आधारित बनाउनका लागि देहाय बमोजिमको बेनीघाट रोराङ गाउँपालिका पशु विकास कार्यक्रमका लागि लाभग्राही छनौट समिति रहनेछ।

| | |
|---|---|
| (क) गाउँपालिकाको उपाध्यक्ष | संयोजक |
| (ख) आर्थिक विकास समितिका संयोजक | सदस्य |
| (ग) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (घ) योजना अनुगमन शाखा प्रमुख | सदस्य |
| (ङ) पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| (च) जिन्सी व्यवस्थापन उपशाखा प्रमुख | सदस्य |
| (छ) पशु सेवा उपशाखा प्रमुख | सदस्य सचिव |

२.२ उपदफा २.१ अनुसार गठन हुने समितिका आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा निमन्त्रणा गर्न सकिनेछ ।

२.३ उपदफा २.१ अनुसार गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) गाउँपालिकामा चालु आ.व. मा सञ्चालन गरिने आयआर्जन सुधारको लागि पशु विकास कार्यक्रम तर्फका कार्यक्रम छनौट गर्ने।

ख)कार्यक्रम छनौट गर्दा स्थानीय सम्भाव्यता तथा उपलब्ध श्रोत साधनको पहिचान गरी गर्ने।

ग) लाभग्राही छनोट गर्ने

घ) उपदफा २.१ मा गठित उपसमितिको सिफारिस अध्ययन गरी प्रमाणित गर्ने वा नगर्ने

ङ) लागत साझेदारीको आधार र मापदण्ड तय गर्ने,

च) लागत साझेदारी गर्न नसक्ने समुदायमा लागत साझेदारी विना कार्यक्रम कार्यान्वयन गर्न सिफारिस गर्ने

छ) कार्यक्रम कार्यान्वयन गरिने क्षेत्र/वडा छनोट गर्ने,

ज) कार्यक्रमको कार्यान्वय सम्बन्धमा समिति आफैंले अनुगमन गर्ने वा अनुगमनकर्ता तोक्ने,

झ) कार्यक्रम कार्यान्वयन सम्बन्धमा अन्य आवश्यक निर्णय गर्ने,

ञ) सहयोगको क्षेत्र - जिन्सी सामग्री वा अनुदान दुवै गर्ने सम्बन्धमा आवश्यकतानुसार निर्णय गर्ने,

ट) विवाद आइपरेमा छलफल तथा परामर्श गरी निरुपण गर्ने ।

२.४ अनुदानको लागि प्राप्त प्रस्तावना मूल्याङ्कन तथा सिफारिसको लागि तपसिल बमोजिमको उपसमितिको व्यवस्था गरिनेछ।

| | |
|---|---|
| क) योजना अनुगमन शाखा प्रमुख | संयोजक |
| ख) कृषि विकास उपशाखा प्रमुख | सदस्य |
| ग) पशु सेवा उपशाखा प्रमुख | सदस्य-सचिव |

२.५ उपदफा २.४ बमोजिम गठित उपसमितिले निर्णय गर्दा देहाय बमोजिमको आधारमा गर्नु पर्नेछ।

क) पशु सेवा उपशाखा र जनप्रतिनिधिहरूले गरेको स्थलगत अनुगमन

ख) आवेदकले पेस गरेको अनुसूची - १ बमोजिमको निवेदन, अनुसूची - २ बमोजिमको प्रतिबद्धता पत्र र अनुसूची - ३ बमोजिमको कार्ययोजना विवरण, विगतका ३ आर्थिक वर्षहरूमा सोही प्रकृतिका कार्यक्रमहरू सञ्चालनका लागि कुनै पनि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको अनुसूची - ४ बमोजिमको स्व-घोषणा पत्र, अनुसूची ५ बमोजिमको प्रस्ताव मुल्याङ्कनका आधारहरु, अनुसूची ६ बमोजिमको फिल्ड अनुगमन प्रतिवेदन

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन प्रक्रिया

३.१ **सूचना प्रकाशन**: स्थानीय तहले कार्यक्रम सञ्चालनको लागि १५ देखि २१ दिने आवेदन मागको सूचना प्रकाशन गरी माग सङ्कलन गर्नु पर्नेछ। संघीय र प्रदेश सरकारबाट ससर्त कार्यक्रमको हकमा तोकिए बमोजिम हुनेछ।

३.२ **प्रस्ताव पेस गर्नेः** कार्यक्रममा सहभागी हुने इच्छुक आवेदकले यस कार्यालयले तोकेको ढाँचा बमोजिमको आवश्यक कागजातहरु; अनुसूची-१ बमोजिमको आवेदन पत्र, अनुसूची-२ बमोजिमको प्रतिबद्धता पत्र र अनुसूची-३ बमोजिमको कार्ययोजना विवरण, अनुसूची-४ बमोजिमको स्व-घोषणा पत्र र सूचनामा माग गरे बमोजिम तोकिएका अन्य आवश्यक कागजात पेस गर्नुपर्नेछ ।

३.३ **अनुदान प्रतिशत र सिमाः**

(क) कार्यक्रमको प्रकृति अनुसार लाभग्राही कृषकले कुल लागतको २०% लागत साझेदारी गर्नु पर्नेछ। साथै अनुदान आवेदन स्वीकृत भएको अवस्थामा माग बमोजिमको सामग्री नलगेको खण्डमा पालिकाको खातामा जम्मा भएको लागत साझेदारीको रकम फिर्ता हुने छैन।

(ख) बुँदा नं. क को लागत साझेदारी प्रतिशत कार्यपालिका बैठकले हेरफेर गर्न सकिनेछ ।

(ग) वडाबाट सञ्चालन भएका पशु विकास सम्बन्धी कार्यक्रमको हकमा अनुदानको प्रतिशत/सिमा वडा समितिको सिफारिसको आधारमा उपदफा २.१ मा गठित समितिको निर्णय बमोजिम हुनेछ।

(घ) माथिका दफामा जुनसुकै कुरा लेखिएता पनि तपसिल बमोजिमको अवस्थामा सत प्रतिशत अनुदानमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

- आर्थिक रुपले विपन्न, सीमान्तकृत, दलित लक्षित, पोषण अवस्थामा सुधारको लागि सञ्चालित कार्यक्रममा र भवितव्य (विपद तथा प्राकृतिक प्रकोप आदि) पर्न आएमा
- (ङ) चालू आर्थिक वर्षमा एउटै प्रकारका कार्यक्रमहरू सञ्चालनका लागि कुनै पनि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको हुनु पर्नेछ।

**३.४ सञ्चालन गरिने क्रियाकलापहरु**

**३.४.१ पाठापाठी वितरण कार्यक्रमः**

(क) इच्छुक कृषकको माग बमोजिम २०% कृषकको लागत साझेदारीमा गाउँपालिकाले पाठापाठी खरिद गरी वितरण गर्नेछ ।

(ख) कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था उपदफा २.१ अनुसार गठित समितिको निर्णयानुसार हुनेछ।

**३.४.२ पाडापाडी वितरण कार्यक्रमः**

(क) इच्छुक कृषकको माग बमोजिम २०% कृषकको लागत साझेदारीमा गाउँपालिकाले पाडापाडी खरिद गरी वितरण गर्नेछ ।

(ख) कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था उपदफा २.१ अनुसार गठित समितिको निर्णयानुसार हुनेछ।

**३.४.३ बर्डिजो क्यास्ट्रेटर वितरण कार्यक्रमः**

(क) इच्छुक कृषकको माग बमोजिम २०% कृषकको लागत साझेदारीमा गाउँपालिकाले बर्डिजो क्यास्ट्रेटर खरिद गरी वितरण गर्नेछ ।

(ख) कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था उपदफा २.१ अनुसार गठित समितिको निर्णयानुसार हुनेछ।

### ३.४.४ चाफकटर वितरण कार्यक्रमः

(क) इच्छुक कृषकको माग बमोजिम २०% कृषकको लागत साझेदारीमा गाउँपालिकाले चाफकटर खरिद गरी वितरण गर्नेछ ।

(ख) कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था उपदफा २.१ अनुसार गठित समितिको निर्णयानुसार हुनेछ।

### ३.४.५ पशु बिमा कार्यक्रमः

(क) गाउँपालिकाले अनुदानमा खरिद गरी वितरण गर्ने पशु जस्तै; पाडापाडी, पाठापाठी, ब्याड बोका, भैंसी, राँगो, गाई, बाछाबाछी, साँढे आदिलाई सत प्रतिशत अनुदानमा सम्बन्धित कृषकको नाममा बिमा गराइ वितरण गर्नेछ ।

(ख) कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था उपदफा २.१ अनुसार गठित समितिको निर्णयानुसार हुनेछ।

## परिच्छेद-४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

४.१ **सम्झौताः** छनौट भएका आवेदकहरुसँग गाउँपालिकाको कार्यालयले सम्झौता गर्नेछ ।

४.२ यस कार्यक्रम अन्तर्गत खरिद गर्नु पर्दा नेपाल सरकारको प्रचलित कानुन बमोजिम तथा आर्थिक नियमावली बमोजिम खरिद गरी व्यवस्थापन गरिनेछ

४.३ यस कार्यक्रमको लेखा परीक्षण तथा आर्थिक कारोबार सम्बन्धी अन्य व्यवस्था प्रचलित ऐन नियम अनुसार हुनेछ ।

४.४ कार्यालयले कार्यक्रमको लागि विनियोजित रकमबाट अनुगमन, तालिम, अवलोकन भ्रमणमा समेत खर्च गर्न सक्नेछ।

४.४ **भुक्तानीः** सम्झौता भएका आवेदकहरुले सम्झौता बमोजिमको कार्य सम्पन्न गरिसकेपछि आवश्यक बिल, फोटो, प्राविधिक प्रतिवेदन, पशु सेवा उपशाखाको रकम भुक्तानीसँग सम्बन्धित सिफारिस, तथा अन्य आवश्यक कागजात पेस भए पश्चात र उपदफा २.१ बमोजिमको समितिले अनुगमन

गरी भुक्तानीको लागि सिफारिस गरे पश्चात प्रचलित ऐन, नियमावलीको अधिनमा रही भुक्तानी गरिनेछ ।

## परिच्छेद-५
## विविध

**५.१ अनुगमन तथा मूल्याङ्कनः** गाउँपालिका र पशु सेवा उपशाखाले आवश्यकता अनुसार समय समयमा अनुगमन गर्नेछ र कृषकलाई प्राविधिक ज्ञान प्रदान गर्नुपर्नेछ ।

**५.२ कारबाहीको व्यवस्थाः** सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई कार्यालयले अनुदान रोक्का गर्नेछ । साझेदारले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा प्राप्त अनुदान प्रचलित ब्याजसहित असुल उपर गरिनेछ र अन्य कार्यक्रममा समावेश गरिने छैन।

**५.३ प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका बुँदाहरु प्रचलित कानुनसँग बाझिएमा प्रचलित कानुन बमोजिम नै हुनेछ ।

**५.४ संशोधनः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधाअड्चन परेमा गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

## अनुसूची-१
## आवेदन-पत्र

मितिः

श्रीमान् कार्यालय प्रमुख ज्यू,
बेनीघाट रोराङ गाउँपालिकाको कार्यालय,
विशालटार, धादिङ ।

विषयः अनुदान सहयोग उपलब्ध गराई दिने बारे ।

महोदय,

प्रस्तुत विषयमा मिति........................................गते प्रकाशित सूचना अनुसार दरखास्त माग भए बमोजिम आयआर्जन सुधारको लागि पशु विकास कार्यक्रममा सहभागी हुने चाहना भएकोले सूचनामा मागेको तपसिल बमोजिमको आवश्यक कागजात राखी निवेदन पेस गरिन्छ। अनुदान सहयोग प्राप्त भएमा सर्त अनुसार कार्य गर्ने प्रतिबद्धता समेत जाहेर गरिएको बेहोरा जानकारीको लागि अनुरोध छ।

**तपसिलः**

१. अनुसूची-१ बमोजिमको आवेदन पत्र, अनुसूची-२ बमोजिमको प्रतिवद्धता पत्र र अनुसूची-३ बमोजिमको कार्ययोजना विवरण
२. विगतका ३ आर्थिक वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनै पनि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको अनुसूची-४ बमोजिमको स्व-घोषणा पत्र
३. आवेदकको नागरिकताको प्रतिलिपि
४. वडा कार्यालयको सिफारिस
५. कृषक समूह/कृषि तथा पशुपन्छी फार्मको हकमा दर्ता प्रमाणपत्र, नविकरण, पान नं. दर्ता र कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि
६. कृषक समूहको हकमा बैठक निर्णय प्रतिलिपि

## अनुसूची-२

## प्रतिबद्धता पत्र

आ.व.२०८२/०८३ को मिति............................को सूचना अनुसार आयआर्जन सुधारको लागि पशु विकास कार्यक्रम सञ्चालनको सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेस गरेको/का/ छु/छौं ।उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु।कार्ययोजना अनुसारको कार्य नगरेमा बेनीघाट रोराङ गाउँपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं ।अन्यथा प्रचलित कानुन बमोजम सहुँला/बुझाउँला।साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने बेहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

<u>**आवेदकको तर्फबाटः**</u>

नामथरः

ठेगानाः

सम्पर्क नं.-

दस्तखतः

मितिः

संस्थाको छापः

| दायाँ | बाँया |
|---|---|
| | |

अनुसूची-३

कार्ययोजना विवरण

१. व्यवसायको परिचयः

२. उद्देश्यः

३. पशु पालन व्यवसायमा अनुभवः

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिपत विवरणः

५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरुको विवरणः

६. सम्बन्धित व्यवसायमा तालिमः लिएको/नलिएको

७. आर्थिक अवस्थाः

८. अपेक्षित वार्षिक प्रतिफलः

९. साझेदारीमा सञ्चालन गरिने प्रस्तावित कार्यविवरणः

| क्र.सं. | कार्य | अनुदान प्रतिशत | स्व-लगानी प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

आवेदन पेस गर्नेकोः

इच्छुक कृषक/निजी फार्म/समूहकोनामः

सम्पर्क नं.-

**ठेगानाः.............जिल्ला...................................गाउँपालिका.........वडा..............टोल/गाउँ**

**आवेदकको नामथरः**

**दस्तखतः**

**मितिः**

**छापः**

**अनुसूची-४**

**स्व-घोषणा पत्र**

श्रीमान् कार्यालय प्रमुख ज्यू,
बेनीघाट रोराङ गाउँपालिकाको कार्यालय,
विशालटार, धादिङ ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति....................का सूचना अनुसार..........................ले आयआर्जन सुधारको लागि पशु विकास कार्यक्रममा प्रस्ताव पेस गरेको हुँदा तपसिलका बुँदाहरुमा प्रतिबद्धता व्यक्त गर्दछु/छौं । यदि यस स्व-घोषणामा केहि झुठ पाइएमा प्रचलित कानुन बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको बेहोरा समेत अनुरोध गर्दछु/छौं ।

तपसिलः

१. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन ।

१. कुनै पनि वित्तिय संस्था वा सरकारी निकायको कालोसूचीमा परेको छैन ।

२. विगतका ३ आर्थिक वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनै पनि सरकारी निकायबाट अनुदान प्राप्त गरेको छैन ।

**आवेदकको तर्फबाटः**

नामथरः

ठेगानाः

सम्पर्क नं.-

दस्तखतः

| | |
|---|---|
| दायाँ | बाँया |

मितिः

संस्थाको छापः

| क्र.सं. | मूल्याङकनका आधार | प्रदान गरिने अधिकतम अंक | प्राप्त अंक |
|---|---|---|---|
| १ | चेपाङ, दलित, लोपोन्मुख, आदिबासी समुदायका व्यक्ति/ संस्थाबाट पशुपालन पेशा वा व्यवसाय सञ्चालन | १० | |
| २ | पशुपालन गर्ने | १० | |
| ३ | खोर/गोठ | १० | |
| ४ | घाँस उपलब्धता | १० | |
| ५ | ५ वटा वा सो भन्दा बढी बाख्रा/२ वटा वा सो भन्दा बढी गाई/भैंसी पालन गरेको | १० | |
| | **जम्मा** | **५०** | |

## अनुसूची - ५

**प्रस्ताव मूल्याङ्कनका आधारहरु** **मितिः**

**कृषकको नामः** **ठेगानाः** **फोन नं.**

पुनश्चः उल्लेखित आधारमा मूल्याङ्कन गर्दा कम्तीमा २५ अङ्क प्राप्त गर्ने कृषकलाई मात्र छनौट गरिनेछ।

**मूल्याङ्कन गर्दा उपस्थित व्यक्तिहरुः**

१) योजना अनुगमन शाखा प्रमुख संयोजक

२) कृषि विकास उपशाखा प्रमुख सदस्य

३) पशु सेवा उपशाखा प्रमुख सदस्य-सचिव

| **क्र.सं.** | **अनुगमनका आधारहरु** | **छ (✓)** | **छैन(✗)** |
|---|---|---|---|
| १ | चेपाङ, दलित, लोपोन्मुख, आदिबासी समुदायका व्यक्ति/ संस्थाबाट पशुपालन पेशा वा व्यवसाय सञ्चालन | | |
| २ | पशुपालन गर्ने | | |
| ३ | खोर/गोठ | | |
| ४ | घाँस उपलब्धता | | |
| ५ | ५ वटा वा सो भन्दा बढी बाख्रा/२ वटा वा सो भन्दा बढी गाई/भैंसी पालन गरेको | | |

## अनुसूची - ६

**फिल्ड अनुगमन प्रतिवेदन** **मितिः**

**कृषकको नामः** **ठेगानाः** **फोन नं.**

**अनुगमन गर्दा उपस्थित व्यक्तिहरुः-**

| **नामः** | **पद** | **दस्तखत** |
|---|---|---|
| १)................................ | ...................... | ....................... |
| २................................ | ...................... | ........................ |
| ३................................ | ....................... | ........................ |
| ४)............................... | ....................... | ........................ |

५)..............................                .......................                ........................

६).............................                ........................                .........................

अनुगमनका क्रममा देखा परेका केही अन्य विवरण:-

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................

आज्ञाले

रामबाबु पौडेल

प्रमुख प्रशासकीय अधिकृत